श्री

राजस्व न्यायाधिकरण काठमाण्डौ

इजलास

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

फैसला

२०७५/०७६ सालको निर्णय नं. ६७

पुनरावेदन नं. : ०७४-RB-००५०

जिल्ला ललितपुर उप.म.न.पा. वडा नं. ५ जावलाखेलस्थित बिजय डिष्ट्रिलरी प्रा.लि. (स्थायी लेखा नं. ६०११२२७५२) को तर्फबाट ऐ. कम्पनीको अधिकार प्राप्त प्रबन्ध संचालक बिजय कुमार शाह.......................................................................... १ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुने..............................................१ } प्रत्यर्थी

**मुद्दा : महसूल निर्धारण ।**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराई

अविलम्वित नजिर : ×

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश भएको भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुनेको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक बिजय डिष्ट्रिलरी प्रा.लि.को यस न्यायाधिकरण समक्ष पुनरावेदन परी सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. यसमा पैठारीकर्ता विजय डिष्ट्रिलरी प्रा.लि.ले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०१६।१।५ देखि २०१६।५।१६ सम्म पैठारी गरी ल्याएको प्रज्ञापन पत्र नं. १२९८, १३५५९, १४२४८, १४२५१, १६०१५, १६०१६, १६०१७, १७७३४, १७७३६, १८१९२, १८४५१, १८४५२ र १८४५४ का Ruslan Vodka Shrink Sleeve का मालबस्तुको सम्बन्धमा भन्सार जाँचपास पछिको परिक्षणको लागि छनौट भएको र परीक्षण टोलीले सो कम्पनीले पैठारी गरेको मालबस्तुको परीक्षण गर्दा Ruslan Vodka Shrink Sleeve भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२१९००० बाट १५ प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई पैठारी गरेकोमा उल्लेखित मालबस्तु भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२६९०९० मा पर्ने भई भन्सार महसूल ३० प्रतिशत दाखिला गर्नुपर्नेमा १५ प्रतिशत मात्र दाखिला गरेको देखिंदा नपुग १५ प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर र जरिवाना समेत गरी १,०२,७३,४४७।– भन्सार महसूल निर्धारण भएको हुँदा सो महसूल निर्धारण गर्नुनपर्ने भए सबुत प्रमाण सहित जवाफ पेश गर्न करदातालाई सूचना प्रदान गर्ने गरी भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाडौंबाट मिति २०७४।१।२५ मा भएको प्रारम्भिक आदेश ।

२. मिति २०७४।१।२५ को आदेशानुसारको सूचना करदाताले मिति २०७४।२।२ मा बुझिलिएको र मिति २०७४।२।१६ मा जवाफ पेश गरेको देखिन्छ ।

३. करदाता कम्पनीले भन्सार वर्गिकरण शिर्षक छलेको छैन भनी लिखित जवाफ पेश गरेको देखिएतापनि यस्तै प्रकारका उत्पादक कम्पनी तथा फर्महरु युनिलिभर, हिमालयन डिष्ट्रिलरी, रोलिङ्ग राइभ डिष्ट्रिलरी प्रा.लि. एशियन डिष्ट्रिलरी, अविनाश डिष्ट्रिलरी समेतले विभिन्न मितिमा विभिन्न भन्सार कार्यालयबाट यही बस्तु Printed Shrink Sleeves Shrink Sleevs आयात गर्दा H.S. Code ३९२६९०९० राखी ३० प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क, १३ प्रतिशत मूल्य अभिवृद्धि कर राजस्व तिरी सामान जाँचपास गरेको अनलाइन अभिलेखबाट देखिन्छ । स्वयं करदाताले Ruslan Vodka Shrink Sleeve का लागि Shrink Sleeve त्रिभुवन भन्सार कार्यालयबाट पैठारी गर्दा भन्सार महसूल ३० प्रतिशत बुझाई सामान जाँचपास भएको अवस्था हुँदा करदाता कम्पनीले भन्सार दरबन्दी शिर्षक फरक पारी घटी भन्सार महसूल दाखिल गरी राज्यलाई हानी पुऱ्याएको पैठारी विवरणबाट नै देखिन्छ । भन्सार विभाग वर्गिकरण शाखाबाट प्रकाशित निर्णय पुस्तिकाको सि.नं. ५२९ मा Printed Packeging Materials Shrink Sleeve लाई शिर्षक नम्बर ३९२६९०९० मा वर्गिकरण गरेको मिति २०७१।८।३ को निर्णयबाट देखिन गएको अवस्था हुँदा करदाताले Ruslan Vodka Shrink Sleeve को भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२१९००० बाट १५ प्रतिशत भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई मालबस्तु पैठारी गरेकोमा

छुट भएको रकमको १५ प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क १३ प्रतिशत मूल्य अभिवृद्धि कर र जरिवाना समेत गरी जम्मा रु. १,०२,७३,४४७।– करदाता कम्पनीबाट दाखिला गराउने गरी भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौंबाट मिति २०७४।२।१७ मा भएको निर्णय ।

४. विजय डिष्ट्रिलरी प्रा.लि. ले मिति सन् २०१६।१।५ देखि २०१६।५।१६ सम्म विभिन्न प्रज्ञापनपत्र मार्फत पैठारी गरेका Ruslan Vodka Shrink Sleeve भन्सार उपशिर्षक नम्बर ३९२६९०९० बाट ३० प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर बुझाई भन्सार जाँचपास गरी पैठारी गर्नुपर्नेमा भन्सार शिर्षक नम्बर नै फरक पारी भन्सार शिर्षक नम्बर ३९२१९००० राखी १५ प्रतिशत भन्सार महसूल र ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाएको गैरकानूनी छ भनी नपुग रकमको थप १५ प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मू.अ.कर र जरिवाना समेत रु. १,०२,७३,४४७।– निर्धारण गर्ने गरी भएको कर निर्धारण आदेश बदर गरी नलाग्ने भन्सार महसूल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र सोमा निर्धारित जरिवाना समेतको दायित्वबाट मुक्त गरी पाउँ भन्ने करदाता कम्पनीको पुनरावेदन पत्र ।

५. यसमा भन्सार महसूल दरबन्दी अन्तर्गत भन्सार उपशिर्षक नं. ३९२१९००० मा पर्ने मालबस्तुको हकमा पैठारी महसूल दर १५ प्रतिशत तोकिएकोमा भन्सार जाँचपास परीक्षण कार्यालयबाट विवादित मालबस्तुहरु भन्सार उपशिर्षक नं. ३९२६९०९० मा पर्ने भनी ३० प्रतिशत पैठारी महसूल लाग्ने गरी भएको निर्णय उल्लिखित भन्सार उपशिर्षक नं. ३९२१९००० को व्याख्याको रोहमा फरक पर्न सक्ने देखिंदा मुलुकी ऐन, अ.वं. २०२ नं. को प्रयोजनका लागि विशेष सरकारी वकिल कार्यालय, काठमाडौंलाई सूचना दिई नियमानुसार पेश गर्नु ।

साथै भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौंको मिति २०७४।२।१७ को निर्णय पर्चामा यिनै पुनरावेदक कम्पनीले यस्तै बस्तुमा ३० प्रतिशत भन्सार महसूल तिरेको देखिएको भनी उल्लेख भएको तथा हिमालयन डिष्ट्रिलरी समेतका अन्य कम्पनीहरुले पनि ३० प्रतिशत भन्सार महसूल तिरेको कुरा अनलाइन अभिलेखबाट देखिएको भनी उल्लेख भएको देखिंदा यी विवरणहरु पेशी अगावै भन्सार जाँचपास परीक्षण कार्यालयबाट झिकाउनु भन्ने यस न्यायाधिकरणबाट मिति २०७४/०९/४ मा भएको आदेश ।

## ठहर

६. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

७. विजय डिष्ट्रिलरी प्रा.लि. को तर्फबाट उपस्थित हुनु भएका विद्धान वरिष्ठ अधिवक्ता श्री तुल्सी भट्ट तथा विद्धान अधिवक्ता श्री नारायण नेपालले पुनरावेदक कम्पनीले पैठारी गरेको सामान

Ruslan Vodka Shrink Sleeve को मालबस्तु H.S. Code ३९२१९०० रहेको भन्ने पैठारी सम्बन्धी सबै कागजातमा उल्लेख छ । सोही बमोजिम भन्सारमा माल चेकजाँच भई पास भएको हो । हाम्रो कम्पनीले पैठारी गरेको मालबस्तु प्याकेजिङ्ग सामान हो । Certificate of Origin समेतबाट पैठारी गरेको मालबस्तु र्‍यापर रहेको र सो र्‍यापर पुरै वोतलको हो । घोषणा गरेको भन्दा भिन्न—भिन्न मालबस्तु ल्याएको होइन । विपक्षीबाट पैठारी भै आएको सामान भन्सार शिर्षक नं. ३९२६९०९० अन्तर्गत पर्ने भनी प्रमाणित नै नभएको अवस्थामा ३० प्रतिशत भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मू.अ.कर र जरिवाना समेत लगाउने गरी भएको निर्णय कानून विपरित हुँदा बदर गरी सो दायित्वबाट उन्मुक्ति दिलाई पाउँ भनी गर्नु भएको बहस समेत सुनियो ।

८. त्यसैगरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका शाखा अधिकृत श्री अन्चन भट्टराईले एउटा मालबस्तुको H/S Code फरक फरक हुँदैन । पैठारी कर्ताले फरक फरक वर्गिकरण उपशिर्षक प्रयोग गरेका छन् र सोको स्पष्ट प्रमाण समेत दाखिला गर्न सकेका छैनन् । द्रष्टव्यको व्याख्या र अर्थ भन्दा बाहिर गएर वर्गिकरण गर्न सकिदैन । विपक्षी कम्पनीले मालबस्तु पैठारी गर्दा एकै बस्तुको सम्बन्धमा कहिले कुन शिर्षक त कहिले कुन शिर्षक उल्लेख गरेका छन् । यसरी विपक्षीबाट गरिएको घोषणा गलत हुँदा भन्सार शिर्षक नम्बर नै फरक पर्न गएकोले सो बमोजिम थप भन्सार महसूल, अन्तःशुल्क र मू.अ.कर र जरिवाना समेत दाखिला गर्नुपर्ने गरी भएको निर्णय कानून सम्मत हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

९. यसमा विजय डिष्ट्रिलरी प्रा.लि. ले सन् २०१६।१।५ देखि २०१६।५।१६ सम्म पैठारी गरेको विभिन्न प्रज्ञापन पत्रहरुमा घोषणा गरेको मालबस्तुको भन्सार जाँचपास परीक्षण कार्यालय तिनकुने काठमाडौंबाट चेकजाँच हुँदा पुनरावेदक कम्पनीले पैठारी गरी ल्याएको मालबस्तुको भन्सार दरबन्दी शिर्षक नं. ३९२६९०९० हुनु पर्नेमा ३९२१९००० उल्लेख गरी भन्सार जाँचपास गरेको पाइएको हुँदा भन्सार वर्गिकरण शिर्षक नम्बर फरक परेकोले भन्सार महसूल १५ को सट्टा ३० प्रतिशत र सो कमी हुन आउने भन्सार महसूलको १५ प्रतिशतको भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क, १३ प्रतिशत मू.अ.कर र जरिवाना समेत गरी १,०२,७३,४४७।– दाखिला गर्नु पर्ने गरी भन्सार जाँचपास कार्यालय, तिनकुनेबाट मिति २०७४।२।१७ मा भएको भन्सार महसूल निर्धारण आदेशमा चित्त नबुझाई पुनरावेदक कम्पनीको तर्फबाट हचुवाको भरमा भन्सार दरबन्दी शिर्षक नम्बर फरक भयो भनी थप भन्सार महसूल समेत दाखिला गर्नुपर्ने गरी भएको निर्णय बदर गरी पाउँ भन्ने जिकिर सहित प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ ।

१०. उपरोक्तानुसारको तथ्य पुनरावेदन तथा बहस जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरुको निर्णय मिलेको छ वा छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा पैठारीकर्ता विजय डिष्ट्रिलरी प्रा.लि.ले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०१६।१।५ देखि २०१६।५।१६ सम्म पैठारी गरी ल्याएको प्रज्ञापन पत्र नं. १२९८, १३५५९, १४२४८, १४२५१, १६०१५, १६०१६, १६०१७, १७७३४, १७७३६, १८१९२, १८४५१, १८४५२ र १८४५४ का Ruslan Vodka Shrink Sleeve का मालबस्तुको सम्बन्धमा भन्सार जाँचपास पछिको परिक्षणको लागि छनौट भएको र परीक्षण टोलीले सो कम्पनीले पैठारी गरेको मालबस्तुको परीक्षण गर्दा Ruslan Vodka Shrink Sleeve भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२१९००० बाट १५ प्रतिशत भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई पैठारी गरेकोमा उल्लेखित मालबस्तु भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२६९०९० मा पर्ने भई भन्सार महसूल ३० प्रतिशत दाखिला गर्नुपर्नेमा १५ प्रतिशत मात्र दाखिला गरेको देखिंदा नपुग १५ प्रतिशत भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर र जरिवाना समेत गरी १,०२,७३,४४७।– भन्सार महसूल निर्धारण भएको देखिन्छ ।

१२. युनिलिभर, हिमालयन डिष्ट्रिलरी, रोलिङ्ग टाइम डिष्ट्रिलरी प्रा.लि. एशियन डिष्ट्रिलरी अविनाश डिष्ट्रिलरी समेतले विभिन्न मितिमा विभिन्न भन्सार कार्यालयबाट यही बस्तु Printed Shrink Sleeves Shrink Sleevs आयात गर्दा H.S. Code ३९२६९०९० राखी ३० प्रतिशत भन्सार महसूल ५ प्रतिशत अन्तःशुल्क, १३ प्रतिशत मूल्य अभिवृद्धि कर राजस्व तिरी सामान जाँचपास गरेको अनलाइन अभिलेखबाट देखिन्छ भनी सोको प्रमाण मिसिल संलग्न रहेको देखिन्छ । स्वयं करदाताले सन् २०१६।१।५ देखि २०१६।५।१६ सम्म विभिन्न प्रज्ञापन पत्रहरू मार्फत Ruslan Vodka Shrink Sleeve का लागि Shrink Sleeve त्रिभुवन भन्सार कार्यालयबाट पैठारी गर्दा भन्सार महसूल ३० प्रतिशत बुझाई सामान जाँचपास भएको अवस्था मिसिल संलग्न प्रमाणबाट प्रमाणित भएको अवस्था हुँदा करदाता कम्पनीले भन्सार दरबन्दी शिर्षक फरक पारी घटी भन्सार महसूल दाखिल गरी राज्यलाई हानी पुऱ्याएको पैठारी विवरणबाट नै देखिन्छ । भन्सार विभाग वर्गिकरण शाखाबाट प्रकाशित निर्णय पुस्तिकाको सि.नं. ५२९ मा Printed Packeging Materials Shrink Sleeve लाई शिर्षक नम्बर ३९२६९०९० मा वर्गिकरण गरेको मिति २०७१।८।३ को निर्णयबाट देखिन गएको अवस्था हुँदा करदाताले Ruslan Vodka Shrink Sleeve को भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२१९००० पर्ने भनी घटी भन्सार महसूल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर दाखिल गरेको प्रमाणित भएको अवस्था छ ।

१३. जहाँसम्म करतादा कम्पनीले Ruslan Vodka Shrink Sleeve लाई भन्सार वर्गिकरण शिर्षक नम्बर ३९२१९००० अन्तर्गत पर्ने भनी घटी भन्सार महसूल समेत दाखिल गरेको कुरामा अन्यथा देखिंदैन । पैठारीकर्ताले पैठारी गरेको Ruslan Vodka Shrink Sleeve पैठारी कर्ताले भन्सार कार्यालयमा घोषणा गरी पैठारी गरेको संकेत नम्बरमा नै पर्ने भनी सबुत प्रमाण दाखिल

गर्न सकेको अवस्था पनि देखिदैन । पुनरावेदक करदाताले पैठारी गरेको सामानको भन्सार महसूल वर्गिकरण उपशिर्षक फरक गरी घटि महसूल राजस्व दाखिला गरेको देखिन्छ । पुनरावेदकले पैठारी गरेको मालबस्तु Ruslan Vodka Shrink Sleeve भन्सार वर्गिकरण उपशिर्षक ३९२६९०९० मा वर्गिकरण हुने Packing Material Shrink Sleeve भएको देखिन्छ । सो उपशिर्षकमा कायम भएको कारोबार मूल्यको ३० प्रतिशतले भन्सार महसूल, ५ प्रतिशतले अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असूल हुन पर्ने देखिन्छ । पैठारीकर्ताले माल बस्तुको वर्गिकरण शिर्षक उपशिर्षक फरक गरी घटी राजस्व दाखिला गरेमा भन्सार जाँचपास परीक्षण गरी भन्सार ऐन २०६४ को दफा ३४(३) अनुसार पछि भएको राजस्व रकम र जरिवाना निर्धारण गरी असूल गर्नु पर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रत्यर्थी कार्यालयबाट महसूल निर्धारण भन्सार ऐनको दफा ३४(३) अनुसार भएको छ भने जरिवाना निर्धारण दफा ३४(२) बमोजिम भएको छ । दफा ३४(२) र ३४(३) का कसूर फरक फरक हुन् । दफा ३४(३) बमोजिमको कसूरमा दफा ३४(२) अनुसार सत प्रतिशत जरिवाना लगाएको निर्णयलाई कानून सम्मत मान्न सकिएन । पैठारीकर्ताले भन्सार वर्गिकरण उपशिर्षक फरक घोषणा गरी पैठारी गर्दा राजस्व घटी दाखिला गरी फरक परेको १५ प्रतिशतका दरले हुने भन्सार महसूल, सो महसूल रकमको ५ प्रतिशतले हुने अन्तःशुल्क रकम र मूल्य अभिवृद्धि कर प्रयोजनका लागि कायम हुने मूल्यको १३ प्रतिशतले हुने मू.अ.कर निर्धारणको हदसम्मको निर्णय मात्र सदर हुने ठहर्छ ।

१४. करदाता कम्पनी विजय डिष्ट्रिलरी प्रा.लि. ले सन् २०१६।१।५ देखि २०१६।५।१६ सम्म विभिन्न प्रज्ञापन पत्रहरु मार्फत सामान पैठारी गर्दा भन्सार कार्यालयमा घोषणा गरेको मूल्यमा पैठारी भएको सामानको भन्सार शिर्षक, उपशिर्षक नम्बर (मालबस्तु वर्गिकरण) नै फरकपारी घटी भन्सार महसूल दाखिल भएको तथ्यमा विवाद देखिदैन । करदाताले भन्सार कार्यालयमा घोषणा गरेको मूल्यमा घटी हुन आएको कारोबार मूल्य र भन्सार महसूल समेतको रकममा भन्सार ऐन, २०६४ को दफा ३४(३) र भन्सार महसूल दरबन्दी बमोजिम ५ प्रतिशत अन्तःशुल्क लाग्ने कानूनी व्यवस्था रहेको पाइन्छ । भन्सार शिर्षक एवं उपशिर्षक (बस्तु वर्गिकरण) फरक पारी भन्सार महसूल घटी दाखिला गरेमा ऐनको दफा ३४(३) अनुसार घटी दाखिला भएको महसूल रकममा सत प्रतिशत जरिवाना लाग्ने व्यवस्था छ । यसरी जरिवाना भएको रकमलाई समेत अन्तःशुल्क लाग्ने मूल्यमा समावेश गरी अन्तःशुल्क निर्धारण गरेको हदसम्मको निर्णयलाई कानून सम्मत मान्न मिल्ने देखिएन ।

१५. भन्सार जाँचपास तथा परिक्षण कार्यालयले भन्सार महसूल अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत निर्धारण गरेको निर्णय तर्फ विचार गर्दा अन्तःशुल्कको शत प्रतिशत जरिवानामा समेत मूल्य अभिवृद्धि कर लगाएको देखियो । जरिवाना भनेको कानून बमोजिम गर्नु पर्ने कुनै कुरा नगरेमा वा गर्न नहुने कुनै कुरा गरेमा कानूनले निर्धारण गरे बमोजिम लाग्ने रकम हो ।

अर्को शब्दमा भन्ने हो भने कसूरदारलाई तोकिएको रकम बुझाउन बाध्य गर्नु अर्थ दण्ड वा जरिवाना हो । त्यस्तो रकमको निर्धारण समेत ऐन द्धारा नै तोकिएको हुनु पर्दछ । तर कर भन्नाले साल बसाली आर्थिक ऐनले तोकी दिए बमोजिम लाग्ने महसूल दस्तुर र शुल्क सम्झनुपर्छ त्यस्तो महसूल दस्तुर र शुल्कलाई जरिवानाको स्वरूपमा लिन मिल्दैन । मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १२ मा कर लाग्ने मूल्यको गणना गर्दा समावेश गर्न पर्ने रकमहरू उल्लेख गरेको पाइन्छ । सो दफामा मू.अ.कर. रकम बाहेक अन्य कर रकमहरू जस्तै भन्सार महसूल, अन्तःशुल्क आदि वापतका रकममहरू बस्तुको मूल्यमा समावेश गरी कर लाग्ने मूल्य कायम गर्नु पर्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थानुसार कर लाग्ने मूल्यमा अरु ऐन बमोजिम लाग्ने जरिवानाको रकमलाई समावेश गरेको पाइदैन । यसरी कानूनी तवरमा सम्बन्धित ऐनले नै अर्थात मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १२ मा निर्दिष्ट गरेको बाहेकका जरिवाना रकममा समेत मूल्य अभिवृद्धि कर लगाउने कार्यलाई कानून अनुरूप मान्न मिल्ने देखिंदैन । यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट निवेदक सरोज श्रेष्ठ र प्रत्यर्थी नेपाल दूरसंचार संस्थान केन्द्रीय कार्यालय काठमाडौं समेत भएको २०५६ सालको रिट नं. ३७१९ मिति २०५९।४।१४।३ को आदेशमा समेत जरिवानामा समेत मूल्य अभिवृद्धि कर लगाउन नमिल्ने भनी व्याख्या भै रहेको देखिंदा जरिवानाको हकमा शुरू निर्णय प्रतिपादित सिद्धान्त प्रतिकूल भएकोले कम भन्सार महसूलको शतप्रतिशत जरिवानाको रकममा समेत मूल्य अभिवृद्धि कर र सो जरिवानाको करमा जरीवाना गर्ने गरेको हदसम्म भन्सार जाँचपास तथा परीक्षण कार्यालयको निर्णयसँग सहमत हुन सकिएन ।

१६. अतः यसमा स्थायी लेखा नं. ६०११२२७५२ भएका पुनरावेदक करदाता बिजय डिष्ट्रिलरी प्रा.लि. ले त्रिभुवन विमानस्थल भन्सा कार्यालयबाट पैठारी गरेका प्रज्ञापन पत्रहरूको भन्सार जाँचपास पछिको परीक्षण गरी महसूल निर्धारण गर्ने गरी भएको मिति २०७४।२।१७ को निर्णयमा भन्सार ऐन २०६४ को दफा ३४(३) को कसूर कायम गरी दफा ३४(२) बमोजिम जरिवाना लगाएको एवं जरिवाना रकममा अन्तःशुल्क र मू.अ.कर लगाएको निर्णय मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिल बमोजिम गर्नु ।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक पुनरावेदक करदाता बिजय डिष्ट्रिलरी प्रा.लि. ले त्रिभुवन विमानस्थल भन्सा कार्यालयबाट पैठारी गरेका प्रज्ञापन पत्रहरूको भन्सार जाँचपास पछिको परीक्षण गरी महसूल निर्धारण गर्ने गरी भएको मिति २०७४।२।१७ को निर्णयमा भन्सार ऐन २०६४ को दफा ३४(३) को कसूर कायम गरी दफा ३४(२) बमोजिम जरिवाना लगाएको एवं जरिवाना रकममा अन्तःशुल्क र मू.अ.कर लगाएको निर्णय मिलेको

नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहरी फैसला भएको हुँदा सो हदसम्म निजले दाखिल गरेको धरौटी रकम फिर्ता दिनु भनी शुरू कार्यालयमा लेखी पठाइदिनु............................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...........................................................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू..............................................................................३

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

**<u>फैसला तयार गर्ने</u>**

शाखा अधिकृतः लेख बहादुर कोइराला

टाइप गर्नेः प्रदिप तिवारी

इति सम्वत् २०७५ साल माघ महिना ३ गते रोज ५ शुभम् ...........................